
कानूनी साक्षरता शृंखला - 6

साक्षर भारत

# आशा की किरण

## (घरेलू हिंसा से महिलाओं का संरक्षण अधिनियम 2005)



**ASSAM STATE LEGAL SERVICES AUTHORITY**
1ST FLOOR, GAUHATI HIGH COURT, OLD BLOCK
GUWAHATI - 781001, ASSAM
PHONE : 0361 - 2516367, FAX : 0361 - 2601843
অসম ৰাজ্যিক আইন সেৱা প্ৰাধিকাৰী
গুৱাহাটী - ৭৮১০০১


No. ASLSA-38/2014/60 Dated: Guwahati the 29th April '2016

To
The Director,
State Resource Centre - Assam,
1- CD, Mandovi Apartments,
GNB Road, Ambari, Guwahati-781001
(Assam)

**Sub:** VETTING OF IEC MATERIALS ON LEGAL LITERACY COMPONENTS.

Ref.: Your letter no. SRC/170/97/654-56 dated 21.03.2016.

Dear Sir,

In inviting a reference to the subject as cited above, undersigned has the honor to state that the vetting of the IEC materials on legal literacy components in Nepali Language have been completed and are being returned herewith after minor modifications in sentence/word structuring and are shown in ink/pencil markings.

Rest of the IEC materials in Bengali language are also being carried out and are likely to be ready on or before 5th May'2016.

With best regards

Yours faithfully

Mridul K Saikia 29/4/2016

(Mridul Kr. Saikia)
Member Secretary i/c
Assam State Legal Services Authority

Encl:
As stated above.

04
30/4/16

170

# आशाको किरण

## ( घरेलु हिंसाबाट महिलाहरूको संरक्षण अधिनियम 2005 )

### कानुनी साक्षरता शृंखला-6

साक्षर भारत

राज्य स्रोत केन्द्र असम
राष्ट्रिय साक्षरता मिसन प्राधिकरण
मानव संसाधन विकास मन्त्रालय
भारत सरकार

सत्यमेव जयते

न्याय विभाग
विधि तथा न्याय मन्त्रालय
भारत सरकार

**Ashako Kiron :** This book is based on legal awareness for the neoliterates on Domestic Violence Act 1961. This book is prepared by National Literacy Mission Authority and Department of Justice, Govt. of India, New Delhi. This book is translated and published by State Resource Centre Assam, 1-CD, Mandovi Apartments, GNB Road, Ambari, Guwahati-781001 (Assam)

March 2016 (1000)

| | | |
|---|---|---|
| मूल पुस्तक | : | आशा की किरण |
| पुस्तक तयार पार्ने कार्यशालामा सहयागीहरू | : | सन्तोष नेवार, सतीश कुमार थिङ्ग, भक्त प्रसाद ढकाल, रितम कुमार प्रधान |
| भारत सरकार न्याय विभाग विधि तथा न्याय मन्त्रालयको तर्फबाट कार्यशालामा उपस्थित अधिकारीहरू | : | राजेश देउली, योजना अधिकारी, अङ्शुल सक्सेना, योजना अधिकारी, गोविन्द वैश्य, राज्य संयोजक |
| प्रथम प्रकाशन | : | मार्च 2016 (1000) |
| प्रकाशक | : | राज्य स्रोत केन्द्र असम, माण्डवी एपार्टमेन्ट्स, जी एन बी रोड, आमबारी, गुवाहाटी–781001 |
| सम्पादन | : | अनुराधा बरूवा, प्रसन्न कुमार कलिता |
| मुद्रक | : | शराईघाट अफचेट प्राईभेट लिमिटेड बामुणीमेदाम, गुवाहाटी–21 |

# आभार

साक्षर भारत कार्यक्रम सितम्बर 2009 मा सुरू गरियो। कार्यक्रम अन्तर्गत देशको निम्न महिला साक्षरता दर 410 जिल्लाहरूमा सन्मिलित गरियो। साक्षर भारत कार्यक्रमको केन्द्र बिन्दु ग्रामीण इलाकाका महिलाहरू, अनुसूचित जाति, अनुसूचित जनजाति वर्ग औ अल्पसंख्यक समुदाय हो। कार्यक्रममा बुनियादी साक्षरताको साथै समतुल्यता कार्यक्रम, कौशल विकास औ शत-प्रतिशत शिक्षालाई जोडिएको छ।

साक्षरताले शिक्षार्थीहरूको दैनिक जीवनसंग अधिक जोडिएको औ रोचक बनाउने उद्देश्यले इन्टरपर्सनल मीडिया प्रचार प्रारंभ गरिसकेको छ। प्रचारमा जुन प्रमुख विषयहरू समावेश गरिएको थियो छ त्यसमध्ये कानुनी साक्षरता पनि एउटा प्रमुख विषय हो।

कानुनी साक्षरताको विषयमा सबैलाई जानकारी उपलब्ध गराउन कानुनी साक्षरता शृङ्खलाको निर्माण गरिएको छ। भारत सरकारको मानव संसाधन विकास मन्त्रालयको अधीनको राष्ट्रीय साक्षरता मिसन प्राधिकरण र विधि तथा न्याय मन्त्रालय (न्याय विभाग) को मातहतमा गुवाहाटीमा आयोजित कार्यशालामा असम (असमीया भाषा), त्रिपुरा (बाङ्ला भाषा)र सिक्किम (नेपाली भाषा) का विशेषज्ञ, लेखक तथा राज्य कानुनी सेवा प्राधिकारणको सहयोगमा कानुनी साक्षरता सामग्री तयार पारिएको हो।

कानुनी साक्षरता सामग्रीको निर्माणमा न्याय विभाग, न्याय मंत्रालय: भारत सरकार औ (A2J NE & JK) प्रकल्प प्रबन्धन समूहद्वारा तकनिकी सहयोग प्रदान गरिएको सामग्रीको अनुमोदन न्याय विभाग, न्याय मंत्रालय भारत सरकारद्धारा गरिन्छ। राष्ट्रिय साक्षरता मिशन प्राधिकरण सबै संस्था र विभागहरूप्रति आभार व्यक्त गर्दछ। आशा गरिन्छ यी सामग्री कानुनी साक्षरताप्रति जनसाधरणमा कानुनी जागरूकता ल्याउन सफल हुनेछ।

राष्ट्रिय साक्षरता मिशन प्राधिकरण<br>
मानव संसाधन विकास मंत्रालय, नई दिल्ली

# हाम्रा दुई कुरा

स्रोत केन्द्र असमले थी पुस्तिकाहरू नेपालीमा अनुवाद गरेर प्रकाशन गर्ने व्यवस्था गरेको छ। गुवाहाटीमा आयोजित लेख तयारी कार्यशालामा थी पुस्तिकाहरू नेपालीमा अनुवाद गरिएको छ। अनुदित पुस्तिकाहरू असम राज्य कानुनी सेवा प्राधिकरणाद्वारा अनुमोदित भएका छन्। यसै अवसरमा कार्यशालामा सहभागी प्रत्येक व्यक्तिलाई धन्यवाद ज्ञापन गरिन्छ। आशा छ थी पुस्तिकाहरूलाई पाठकले स्वागत गर्ने।

समीरण ब्रह्म<br>
निदेशक<br>
राज्य स्रोत केन्द्र

# आशाको किरण

पूर्व सिक्किमको गान्तोक खण्ड अन्तगर्त सिन्छे गाउँमा रमेश गुरूङ नाम गरेका युवकले मीरासँग विवाह गरेर घर संसार बसाए। जसरी समय बित्दै गयो रमेशका घरमा एक छोरा र दुई छोरीले जन्म लिए। घरमा एक जना मात्रै कमाउने भएका कारण रमेशलाई आफ्नो घर परिवारको भरण पोषण




गर्न कठिन हुन थाल्यो। दिन बित्दै गए अनि रमेशका नानीहरु पनि स्कुल जान थाले। यसकारण रमेशलाई अझ गाह्रो हुन थाल्यो घर चलाउनु। घरमा रमेश एक जनामात्र थिए कमाउने। उसको श्रीमती मीरा खाली घर अनि नानीहरूको हेरचाह गर्ने गर्थी। एक दिन मीरा आफ्नी सानी छोरी गीतालाई स्कुलको लागि तयार गर्दै थिई। त्यही समय रमेशकी छोरीले स्कुलको फीस भर्नको लागि पैसा माग्न थाली। पैसाको कुरा सुनेर रमेश अचानक रिसाउन थाल्यो। उसले छोरीको निहुँ गरेर आफ्नी पत्नीलाई गाली गर्दै भन्नुथाल्यो कि मेरोमा पैसा छैन। पैसाको कुराले गर्दा रमेशको घरमा दिनहुँ झगड़ा हुनथाल्यो। एक दिन रमेशले आफ्नी पत्नी मीरासंग भन्यो कि नानीहरुलाई घरको काम सिकाउनु त्यही उनीहरुको लागि पछि काम लाग्छ। बेकारको कामको लागि मसंग पैसा छैन। यसरी एक दिन मीराले गान्तोक बजारबाट रासन ल्याउनुको लागि पैसा मागी यही निहुँ गरेर रमेश र मीराको बिचमा झगड़ा सुरु भयो। उसले आफ्नो पत्नीलाई भएभरको गाली गर्‍यो। एक दिन रमेशले रक्सी पिएर आयो अनि मीराले उसलाई हतार हतार बेलुकीको खाना पस्केर दिई।



रक्सी पिएर मातेको जोशमा रमेशले खानाको निहुँ गरेर आफ्नी पत्नीलाई खानाको थालको झटारो हिर्कायो। खानाको थाल मीराको टाउकोमा लाग्यो अनि टाउकोबाट खून बग्न थाल्यो। रक्सी पिएर मस्त भएको रमेशले



आफ्नी पत्नीलाई लात र घुस्सीले हिर्काएर जबरजस्ती घरबाट निकाली दियो। मीरालाई यस्तो अवस्थामा देखेर छिमेकी ज्योतिले मीरालाई आफ्नो घरमा लगेर दवाई पानि गरिन्। ज्योतिलाई घरेलु हिंसा संरक्षण अधिनियम 2005 को बारेमा पूरा जानकारी थियो। यसैले पीडित मीरालाई ज्योतिले जिल्ला सुरक्षा अधिकारीकोमा लिएर गइन्। जिल्ला सुरक्षा अधिकारीले घरेलु हिंसा संरक्षण अधिनियम 2005 को बारेमा



बिस्ताररूपमा मीरालाई बताइन्। यसपछि मीरालाई एउटा फारम दिइन् जसलाई डी.आई.आर (डोमेष्टिक इंसिडेण्ट रिपोर्ट) भनिन्छ। त्यस फार्ममा महिलाहरुमाथि हुने घरेलु हिंसाको बारेमा विस्तारपूर्वक बिवरण दिनुपर्छ। यदी पीडित महिला पढ़ेलेखेको नभए सुरक्षा अधिकारीले आफै पढ़ेर



सुनाउनु पर्छ। ताकि पीडित महिलाले बताउनु सकोस् कि उसित कस्तो हिंसा भएको थियो। कानुनले परिवारलाई जोडने काम गर्छ तोड्ने होइन। यस कानुन अथवा अधिनियम 2005 को सहारा लिएर आफूमाथि भईरहेको शारीरिक, मानसिक, लैंगिक साथै आर्थिक रूपले प्रताडित महिलाहरुले

सामाजिक तौरमा आफ्नो रक्षा आफै गर्न सक्छन्। यस कानुनका मुख्य प्रावधान यस प्रकार छन्।

1) यस कानुन अन्तर्गत घरेलु सम्बन्धका कुनै पनि नारीहरुको स्वास्थ्य, सुरक्षा, हित जीवन, शारीरिक अंगलाई चोट पुर्‍याउनु अथवा उसलाई मानसिक रूपले प्रताड़ित गर्नु पनि अपराध मानिन्छ।

2) घरेलु काममा बाधा दिनु अथवा नानी एवम् महिलालाई खर्चको लागि पैसा नदिनु, आय साथै सम्पत्ति खोस्नु अपराध मानिन्छ।

3) एकै छानामुनि बस्ने महिलालाई घरको कुनै पनि सम्बन्धी जस्तै पिता, भाई ससुरा पति अथवा नन्दले सताउँछन् भने यसलाई पनि अपराध मानिन्छ।

4) यस कानुन अन्तगर्त प्रत्येक जिल्लामा सुरक्षा अधिकारी नियुक्त गरिएको छ।

5) पीड़ित महिला अधिकारीकोमा गएर उजुरी गर्न सक्छिन्। उजुरी गरेको 3 दिन भित्रमा नै मजिस्टेटले सुनुवाईको तारिक तय गर्छन्। मुद्दाको फैसेला पनि छिटो हुन्छ।

**सुरक्षा अधिकारीका कर्त्तव्य छि :**

- पीड़ित महिलाको सहायता गर्नु
- महिलाको सहायताको लागि पुलिसको पनि मदद लिनु।
- यदि पीड़ित महिलाको लागि आर्थिक सहायता दिनु पर्‍यो भने त्यसका लागि सहायता गर्नु।

**घरेलु हिंसाको विरुद्ध महिलाले निम्न राहत अनि आदेश पाउने अधिकार छ :**

1. सुरक्षाको आदेश पाएर पुलिसले हिंसा गर्नेहरुमाथि रोक लगाउन सक्छ।
2. पुलिस गम्भीर घटनामा हिंसा गर्नेहरुलाई घर आउनुमा रोक्न सक्छ।
3. आर्थिक हिंसा अन्तर्गत पीड़िता आजीविका, शारीरिक, मानसिक साथै सम्पत्तिमा भएको नोकसानको भरपाई, उपचारको खर्च अनि प्रत्येक महिनाको घर र्खचको माग गर्न सक्छिन्।

4. 18 बर्ष भन्दा कम्ती उमेरका नानीहरुलाई आफ्नो सुरक्षामा राख्ने अधिकार पाउन सक्छिन।

5. महिलाले आफ्नो घरमा जान पाउने माग गर्न सक्छिन्।

6. पीड़ित महिला अनि हिंसा गर्नेको बीचमा बातचीत गराएर आपसी झगड़ाको समाधान गर्न सकिन्छ।

7. पीड़ित महिलाले हिंसा गर्ने व्यक्तिलाई गिरफ्तार गर्ने माग पनि गर्न सक्छिन्।

8. अदालतको आदेश नमानेको खण्डमा हिंसा गर्नेलाई एक (1) सालको जेल सजाय अनि रू 20,000 जरीमाना अथवा दुवै हुन सक्छ।

प्रारूप–1

(नियम 5(1) औ (2) तथा नियम 17(3) हेर्नुहोस्)

घरेलु हिंसाबाट महिला संरक्षण अधिनियम, 2005 को 43 धारा 9 (ख) तथा धारा 37 (2) (ग) को अधीन घरेलु घटनाको रिपोर्ट

1. व्यथित व्यक्तिको विवरण :

(क) व्यथित व्यक्तिको नाम :

(ख) उमेर :

(ग) घरेलु ठेकाना :

(4) वर्तमान ठेगाना :

(5) फोन नम्बर :

2. साक्षीहरुको विवरण :

| क्रम सं. | व्यथित व्यक्तिसंगको सम्बन्ध | पता | फोन न0 |
|---|---|---|---|
| | | | |

3. व्यथित व्यक्तिको सन्तानको विवरण यदि छ भने

(क) सन्तानको संख्या –

(ख) सन्तानको विवरण –

| नाम | उमेर | लिंग | वर्तमान कोसंग बसोबास गरेको छ |
|---|---|---|---|
| | | | |

4. घरेलु हिंसाको घटनाहरू :

| क्रम सं. | हिंसाको तारीक स्थान र समय | त्यो व्यक्ति जसले घरेलु हिंसा गरेकोछ | घटनाको प्रकार शारीरिक हिंसा टिप्पणी |
|---|---|---|---|
| | | कस्तो किसिमको यातना दिएको छ कृपा गरेर सुनिश्चित गर्नुहोस्। | |
| | | | |

(I) लैंगिक हिंसा

जबरजस्ती मैथुन
अश्लील साहित्य या अरु अश्लील
सामग्री हेर्न बाध्य पार्नु
तपाईलाई अरु मानिसहरुका
मनोरंजनका लागि उपयोग गर्नु
लैंगिक प्रकृतिको दुर्व्यवहार
आपत्तीजनक, हेला गरेर, तपाईंको
गरिमामा चोट पुर्‍याउने खालको
केही अरु काम गर्नु

(कृपया तल दिइएको खाली ठाँउमा विस्तारपूर्वक घटनाको विवरण सुनिश्चित गर्नुहोस्।)

(II) मौखिक अनि भावनात्मक दुर्व्यवहार

चरित्र या आचरण आदिमाथि दोष कलंक लगाउनु
दाइजो आदि ल्याएन भनेर अपमान गर्नु
छोरा भएन भनेर अपमान गर्नु
कोही संतानको जाय–जन्म भएन भनेर अपमान गर्नु
घिनलाग्दो शब्दहरुको प्रयोग गरेर टिप्पणी गर्नु
खिल्ली गर्नु
निंदा गर्नु
तपाईंलाई बलपूर्वक विद्यालय साथै
महाविद्यालय जान नदिनु
तपाईंलाई कुनै पनि नौकरी गर्न नदिनु
घरदेखि बाहिर जानुमा रोक लगाउनु।
कुनै पनि विशिष्ट व्यक्तिसंग भेट
गर्नुमा रोक लगाउनु अथवा भेट्न नदिनु।
आफ्नो इच्छाविरुद्ध गएर बिहे गर्न
मजबूर गर्नु
आफ्नो रोजाईको अथवा आफूलाई
मन पर्ने केटासँग बिहे गर्नुबाट रोक्नु।
अरू व्यक्तिहरुको रोजाइको केटासँग
बिहे गर भनेर जबरजस्ती गर्नु।
अरु मौखिक एवम् भावनात्मक
दुर्व्यवहार गर्नु
कृपया तल दिएका ठाँउमा विस्तार
संग भर्नुहोस।

(III) आर्थिक बल प्रयोग

तपाईं अथवा तपाईंको संतानको
भरण–पोषणको लागि पैसा नदिनु।
तपाईं एवम् तपाईंका नानीहरुको लागि
खाना कपड़ा साथै बिरामी भएको बेला
दवाई नदिनु।
घरदेखि बाहिर बस्नको लागि बाध्य गराउनु।
घरको कुनै भाग अथवा कोठामा
जान नदिनु एवम् यसको उपयोग गर्न रोक्नु
तपाईंलाई तपाईंको काम एवम् नौकरी गर्न
नदिनु साथै तपाईंको काममा बाधा हाल्नु।
नौकरी गर्ने अनुमती नदिनु
भाड़ामा लिएको चिजको समयमा पैसा नदिनु
कपड़ा अथवा साधारण घर–गृहस्थीमा
प्रयोग हुने चिजहरु उपयोग गर्ने अनुमती नदिनु।
तपाईंलाई सूचित नगरी तपाईंको अनुमती
बिना तपाईंको कुनै पनि मूल्यवान चिज
अथवा बस्तु बेचीदिनु एवम् बंधकी राख्नु
तपाईंको तलब, आय अथवा मजदूरी इत्यादि
बलपूर्वक खोस्नु।
तपाईंको गरगहना बेचेर जयाभावी
खर्च गर्नु।
बिजुली पानी आदि जस्तो बीलको समयमा
भुगतान नगर्नु।
अरू कुनै आर्थिक बल प्रयोग

तपाईं अथवा तपाईंको सन्तानको बिरुद्ध घरेलू हिंसासंग सम्बधित अरु कुनै सूचना

5. संलग्न कागजपत्रको सूची :

| कागजपत्रनो नाम | तारीक | अन्य कुनै विवरण |
|---|---|---|
| चिकित्सासँग सम्बन्धित प्रमाण पत्र | | |
| चिकित्सक प्रमाण–पत्र औ कुनै अन्य प्रमाण | | |
| महिला धनको सूची | | |
| अरु कुनै दस्तावेज | | |

6. जुन आदेश जसको घरेलु हिंसासित महिला संरक्षण अधिनियम 2005 को अन्तर्गत तपाईंलाई जरूरी छ।

| क्रम सं. | आदेश | हो होइन | अरू कुनै |
|---|---|---|---|
| 1. | धारा 18 को अन्तर्गत संरक्षण आदेश | | |
| 2. | धारा 19 को अन्तर्गत निवास आदेश | | |
| 3. | दारा 20 को अन्तर्गत भरण पोषणको आदेश | | |
| 4. | धारा 21 को अन्तगर्त आफ्नो रक्षाको आदेश | | |
| 5. | धारा 22 को अन्तगर्त प्रतिकारको आदेश | | |
| 6. | कोई अन्य आदेश | | |

7. जस्तो सहायता जसको तपाईलाई आवश्यकता छ

| क्रम सं. (1) | उपलब्ध सहायता (2) | हो होइन (3) | सहायताको प्रकृति (4) |
|---|---|---|---|
| 1. | परामर्श दिने मान्छे | | |
| 2. | पुलिस सहायता | | |
| 3. | दण्डदिने काम सुरु गर्नका लागि सहायता | | |
| 4. | आश्रय घर | | |
| 5. | चिकित्सा सुविधाको प्रबन्ध गर्न | | |
| 6. | विधिक सहायता | | |

८. कनै पनि घरेलु घटनाको पंजीकरण गर्न सहायता गर्ने पुलिस अधिकारीको लागि अनुदेश :

जहा कहाँ यस रूपमा उपलब्ध गरेको सूचनाले भारतीय दंड संहिता वा कुनै अन्य विधिको अधीन गरेको कुनै अपराध प्रकट हुन्छ वहाँ पुलिस अधिकारीले :

(क पीड़ित व्यक्तिलाई सूचित गर्दछ कि उसले पनि दंड प्रक्रिया संहिता, 1973 (1974 को 2) को अन्तर्गत पहिलो छानबीन रिपोर्ट दर्ता गरेर दंडनीय कार्यवाही सुरु गर्न सक्छिन्।

(ख) यदि पीड़ित महिला दंडनीय कार्यवाही सुरु गर्न चाहिनन् भने घरेलु हिंसा रिपोर्टमा समावेश गरिएको सूचनाको अनुसार यस टिप्पणीको साथमा दैनिक डायरी लेख्नु कि पीड़ित व्यक्ति अभियुक्तसित घनिष्ठ प्रकारको संबन्ध भएको कारण घरेलु हिंसाको बिरुद्ध संरक्षणको लागि सिविल उपाय जारी राख्न चाहन्छिन् अनि उनले यो अनुरोध गरेकी छन् कि उसकोद्वारा प्राप्त सूचनाको आधारमा मामिलालाई कुनै प्रथम जाँचपडताल रिपोर्टको पंजीकरणको अगाड़ी समुचित जाँचको लागि लम्बित राखिन्छ।

(ग) यदि व्यक्तिद्वारा कुनै शारीरिक यातना वा पीड़ाको सूचना दिएको छ भने उसलाई तत्काल चिकित्सकीय सहायता उपलब्ध गराईन्छ अनि व्यक्तिको चिकित्सकीय जाँच गरिनेछ।

# प्रकाशित पुस्तिकाहरू

१)  आँखा खुल्यो

२)  कुरा मिल्यो

३)  मायाको पाठशाला

४)  मर्यदाको प्रश्न

५)  सुचनाको अधिकार ऐन 2005

६)  आशाको करिण

७)  अब कोही णोको नरहोस

८)  अत्याचारको अन्त

९)  रमेशले न्याय पायो

१०) हाम्रो जंगल हाम्रे धरोहर

११) भारत सरकारका प्रमुख योजनाहरू

Saakshar Bharat

**STATE RESOURCE CENTRE ASSAM**
1-CD, Mandovi Apartments, GNB Road
Ambari, Guwahati-781001
E-mail-srcassam@hotmail.com
A2J (NE&JK)
Copies .......